# अरुण गाउँपालिका
# गाँउ कार्यपालिकाको कार्यालय
## प्याउली,भोजपुर
कोशी प्रदेश, नेपाल

पत्र सं. : २०८०/०८१
च. नं. :

मितिः २०८०/११/०१
ने.सं. :११४४. सिल्लाथ्व

**बिषयः- प्रधानमन्त्री रोजगार कार्यक्रममा सहभागी हुनका लागि बेरोजगार फारम भर्ने सम्बन्धी सूचना ।**

उपरोक्त सम्बन्धमा अरुण गाँउपालिका अन्तर्गत सञ्चालित प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयनका लागि रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ (दोश्रो संशोधन, २०७८ सहित) को दफा १८ को उपदफा(१) बमोजिम आगामी आ.व. २०८१/०८२ मा आर्थिक अवसरबाट बञ्चित महिला, आदिबासी, जनजाती, दलित तथा विपन्न वर्गका बेरोजगार भएका साथै स्वरोजगार समेत् नरहेका (१८ वर्षदेखि ५९ वर्ष उमेर समूहका) व्यक्तिहरुले आजको मितिदेखि फाल्गुण मसान्तसम्म आफु स्थायी बसोबास गर्दै आएको सम्बन्धित वडा कार्यालयमा गई बेरोजगार फारम (अनुसूची १) भरी भराई चैत्र महिनाको पहिलो साताभित्र रोजगार सेवा केन्द्रमा उपलब्ध गराइदिनुहुन जानकारीका साथ अनुरोध छ।

**आवश्यक कागजातहरुः-**

१. निवेदकको नागरिकताको प्रतिलिपी १ प्रति।
२. निवेदकको पासपोर्ट साइजको फोटो १ प्रति।
३. फारममा उल्लेख गरिने परिवार संख्या (१८-५९ वर्ष) का नागरिकताको प्रतिलिपी १ प्रति, नागरिकता नलिएको हकमा जन्म मिति खुल्ने कागजात समावेश गर्नुपर्छ।
४. विवाहित महिलाको हकमा विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपी समावेश गर्नुपर्छ।
५. अन्य जिल्ला वा स्थानीय तहबाट बसाईंसराइ आएको हकमा बसाईंसराइको प्रमाणपत्रको प्रतिलिपी समावेश गर्नुपर्छ।
६. हाल काम गरिरहेका सम्पूर्ण श्रमिकहरुले समेत नवीकरणको लागि फारम भर्नुपर्नेछ।

नोटः निवेदनको ढाँचा तथा थप विस्तृत जानकारीका लागि प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाईट **www.pmep.gov.np** बाट प्राप्त गर्न सकिने छ ।

२०८०।११।१

..............................
शालिकराम लुइटेल
अधिकृत छैटौं